# राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका तथ्याङ्क समन्वय कार्यालयको
## अर्धवार्षिक प्रगति विवरण

१. चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्म सम्पादित मुख्य मुख्य कार्य र उपलब्धिहरु

| क्र.सं. | सम्पादित मुख्य कार्य | उपलब्धि |
|---|---|---|
| १ | तथ्याङ्क ऐन, २०७९ को व्यवस्था बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका तथ्याङ्क समन्वय कार्यालयको वार्षिक प्रतिवेदन सार्वजनिक गरिएको। | चालु आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रमहरुका लागि पृष्ठपोषण, आन्तरिक तहको मूल्याङ्कन, तालुक निकायबाट हुने अनुगमन, लेखापरीक्षण, तथ्याङ्कीय सुशासन र नीति निर्माणका लागि उपयोगी हुने। |
| २ | राष्ट्रिय तथ्याङ्क परिषद्‌को पाँचौ बैठक सम्पन्न भएको। | राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास र व्यवस्थापन हुने। |
| ३ | "राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२" स्वीकृत भएको। प्राविधिक समितिको बैठकबाट प्रश्नवालीलाई अन्तिम रूपमा दिइएको। गणक तथा सुपरिवेक्षणको करारको लागि आवेदन गरिएको। | राष्ट्रिय आर्थिक गणना, २०८२ को स्थलगत तथ्याङ्क सङ्कलन कार्य समयमा नै सम्पन्न गर्न सहयोग पुग्ने। |
| ४ | नेपाल श्रमशक्ति सर्वेक्षण, २०८२/८३ को प्रश्नावली तथा निर्देशिका तयारी गरिएको। निर्देशक समितिको बैठक सम्पन्न गरी प्रश्नावली र गणना पुस्तिका स्वीकृत भएको। स्थलगत तथ्याङ्क सङ्कलनका लागि सुपरिवेक्षक तथा गणक छनोट गरिएको। | रोजगारी, बेरोजगारी, श्रमशक्ति आदिको तथ्याङ्क अद्यावधिक गर्ने उद्देश्यले गर्न लागिएको नेपाल श्रमशक्ति सर्वेक्षण, चौथो समयमा सञ्चालन गर्न सहयोग पुग्ने। |
| ५ | नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८० र राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई एकीकृत गरी स्थानीय तह र जिल्ला अनुसारको गरीबीको अनुमान गरिएको | स्थानीय तह र जिल्ला अनुसारको गरिबीसम्बन्धी तथ्याङ्क उपलब्ध भएको। |
| ६ | National Transfer Account (NTA) प्रतिवेदन प्रकासित गरिएको। | उमेर अनुसार उपभोग खर्च र श्रम आयबीचको अन्तर-सम्बन्धबाट जीवनचक्रिय अभाव र मुनाफाको अवस्था पहिचान हुने। सो अनुसार जीवन चक्रिय अभाव सम्बोधन गर्न आवश्यक नीति, योजना तथा कार्यक्रमका लागि आवश्यक पर्ने तथ्याङ्कीय प्रमाण उपलब्ध हुने। |

| क्र.सं. | सम्पादित मुख्य कार्य | उपलब्धि |
|---|---|---|
| ७ | व्यवसायिक तरकारीबाली सर्वेक्षण, नेपाल स्थल यातायात सर्वेक्षण र निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षणको सूचीकरण कार्य सम्पन्न गरिएको। प्रश्नावली तथा गणना पुस्तिकाको अन्तिम मस्यौदा तयार गरिएको। सहकारी सर्वेक्षणको प्रश्नावली तथा गणना पुस्तिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको। | सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न हुने जसबाट राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्न आवश्यक पर्ने प्रमुख तथ्याङ्क उपलब्ध हुने। |
| ८ | नेपाल बहुसूचक सर्वेक्षण, २०८१/८२ को नतिजा प्रतिवेदन अन्तिम चरणमा रहेको। | महिला तथा बालबालिकालगायत ४२ वटा दिगो विकास लक्ष्यको सूचकको अद्यावधिक हुने। |
| ९ | आन्तरिक पर्यटन सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको। | पर्यटन क्षेत्रमा सिर्जना भएका रोजगारी, लगानी तथा कुल गार्हस्थ्य उत्पादन, आदिको मापन हुने। |
| १० | System of Environment and Economic Accounting (SEEA) अन्तर्गत Forest Ecosystem Accounting को लागि प्रश्नावली तयार गरी स्थलगत तथ्याङ्क सङ्कलन कार्य सुरू गरिएको। | Forest Ecosytem सम्बन्धी (Industrial Wood, Timber, NTFP लगायतका) सूचना नियमित रुपमा उपलब्ध हुने। |
| ११ | निजी शिक्षण संस्थासम्बन्धी सर्वेक्षणको प्रतिवेदन तयार गरिएको। कफीखेती अध्ययन सम्पन्न गरिएको। | राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्न आवश्यक पर्ने प्रमुख तथ्याङ्क उपलब्ध भएको। |
| १२ | आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक र वार्षिक तथा चालु आर्थिक वर्षको पहिलो त्रैमासिकको राष्ट्रिय लेखाको प्रारम्भिक अनुमान सार्वजनिक गरिएको। | छोटो अवधिको अर्थतन्त्रको दिशानिर्देश भएको। |
| १३ | आपुर्ति र उपयोग तालिका (Supply and Use Tables - SUTs) को ढाँचा र खाका तयार गरिएको। | राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन गर्न उपयोगी हुने। |

| क्र.सं. | सम्पादित मुख्य कार्य | उपलब्धि |
|---|---|---|
| १४ | आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक र वार्षिक तथा चालु आर्थिक वर्षको पहिलो त्रैमासिकको कृषि उत्पादक, निर्माण क्षेत्र लागत, औद्योगिक उत्पादक, औद्योगिक उत्पादन मूल्य सूचकाङ्क प्रकाशन गरिएको। | औद्योगिक उत्पादक मूल्य, निर्माण क्षेत्रको लागत मूल्य र कृषि उत्पादक मूल्य सूचकांकबाट उत्पादक स्तरमा मुद्रास्फीति मापन हुने। औद्योगिक उत्पादन सूचकांकबाट त्रैमासिक रूपमा उत्पादनमा भएको परिवर्तन मापन हुने। |
| १५ | संयुक्त राष्ट्र संघ, नेपाल कार्यालयले सञ्चालन गरेको "खाद्य सुरक्षा तथा जिविकोपार्जन सर्वेक्षण" को तथ्याङ्क प्रमाणिकरण गरिएको। National Opinion Poll सर्वेक्षणको अनुमति प्रदान गरिएको। | राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास र व्यवस्थापनमा सहयोग पुगेको। |
| १६ | ५० संस्था तथा अध्ययनकर्तालाई सुक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराइएको। | प्रयोगकर्तालाई अनुसन्धान र अध्ययन गर्न सहज भई थप विश्लेषण सम्भव हुने। राष्ट्रिय तथ्याङ्क कार्यालयलाई पृष्ठपोषण प्राप्त हुने। |
| १७ | राष्ट्रिय जनगणना २०७८ का थप विषय प्रतिवेदनहरु - Education and Inclusion in Nepal, Persons with Disability in Nepal, Gender Dynamics in Nepal, Caste and Ethnicity in Nepal र Situation of Children in Nepal तयार गरिएको। | सामाजिक तथा जनसंख्यिक विषयमा तीनै तहका सरकारहरूलाई नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा थप टेवा पुग्ने। |
| १८ | विश्वविद्यालय तथा क्याम्पसहरूमा आधिकारिक तथ्याङ्क सम्बन्धी अभिमुखिकरण कार्यक्रम, GDP Compilation सम्बन्धी प्रदेशस्तरीय तालिम, राष्ट्रिय तथा अन्तराष्ट्रिय तथ्याङ्कीय क्षेत्रमा भएका नयाँ अभ्यास तथा प्रयोग सम्बन्धी अन्तरक्रिया, जनसङ्ख्या तथ्याङ्क प्रयोग तथा तथ्याङ्क साक्षरता, Mission on Tourism Satellite Account सम्बन्धी तालिम, Database Management, वेवसाइट व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको। | तथ्याङ्कसम्बन्धी क्षमता अभिवृद्धि तथा साक्षरता भएको। |

| क.सं. | सम्पादित मुख्य कार्य | उपलब्धि |
|---|---|---|
| १९ | विभिन्न सूचक सहितको २१ वटा पालिकाहरुको पालिका प्रोफाइल तयार गरिएको। | स्थानीय तहका सरकारलाई नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कनका लागि तथ्याङ्क उपलब्ध हुने। |
| २० | ४० वटा स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको। | स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि भएको। |
| २१ | ७ वटा स्थानीय तहमा तथ्याङ्क प्रदायक संस्था तथा व्यक्तिहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको। | तथ्याङ्कको गुणस्तरमा सुधार तथा समन्वय र सहकार्य सुदृढीकरण हुने। |
| २२ | १०८ वटा स्थानीय तहहरूमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन गरिएको। | नीति निर्माण, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र पारदर्शी तथा उत्तरदायी शासन प्रणाली सुदृढी हुने। |
| २३ | राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गतका तथ्याङ्क समन्वय कार्यालयहरुमा विभिन्न कार्यक्रम आयोजना गरी तथ्याङ्क दिवस कार्यक्रम पौष १७ गते भव्यताका साथ सम्पन्न गरिएको। | तथ्याङ्कको महत्व थप उजागर भएको। |

## २. माइलस्टोन कार्यान्वयनको अवस्था

- चालु आर्थिक वर्षको अर्धवार्षिक अवधि सम्ममा १३ वटा माइलस्टोन रहेको।
- १० वटा माइलस्टोन सम्पन्न गरिएको।
- प्रगति प्रतिशतः ७६.५ रहेको।

## ३. प्रगति विवरण

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

भौतिक तथा वित्तीय प्रगति (अर्धवार्षिक)

| ब.उ.शी.नं. | कार्यालय | विवरण | भौतिक प्रगति | | | वित्तीय प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पुँजीगत | चालु | जम्मा | पुँजीगत | चालु | जम्मा |
| ३०१०८०११ | राष्ट्रिय तथ्याङ्क कार्यालय | आर्थिक गणना समेत | १५.७ | २६.७ | २५.९ | ६. | १६.८ | १६. |
| | | आर्थिक गणना बाहेक | ३७.४ | ६९.६ | ६७.० | १५. | ४५.८ | ४३.४ |
| ३०१०८०१२ | तथ्याङ्क समन्वय कार्यालय | | ६८.४ | ७०.३ | ६९.७ | ६५.२ | ६७.७ | ६७.५ |

रकम रू. लाखमा

| कार्यालय | विवरण | विनियोजिन बजेट रू. | | | खर्च रकम रू. | | | वित्तीय प्रगति प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुँजीगत | चालु | जम्मा | पुँजीगत | चालु | जम्मा | पुँजीगत | चालु | जम्मा |
| राष्ट्रिय तथ्याङ्क कार्यालय | समग्र | ३३२.६४ | ४२०६.८४ | ४५३९.४८ | १९.९२ | ७०६.९५ | ७२६.८७ | ६.० | १६.८ | १६.० |
| | रा.आ.ग. बाहेक सबै | १३३ | १५४२.१३ | १६७५.१३ | १९.९२ | ७०६.९५ | ७२६.८७ | १५.० | ४५.८ | ४३.४ |
| तथ्याङ्क समन्वय कार्यालय | समग्र | १२९.९५ | १६९५.३२ | १८२५.२७ | ८४.६७ | ११४७.८१ | १२३२.४८ | ६५.२ | ६७.७ | ६७.५ |

## तथ्याङ्क समन्वय कार्यालयको कार्यक्रमको भौतिक तथा वित्तीय विवरण

| तथ्याङ्क समन्वय कार्यालय | प्रगति प्रतिशतमा | |
|---|---|---|
| | वित्तीय प्रगति | भौतिक प्रगति |
| तथ्याङ्क समन्वय कार्यालय,इलाम | ६२ | ६६ |
| तथ्याङ्क समन्वय कार्यालय,खोटाङ | ५९ | ७१ |
| तथ्याङ्क समन्वय कार्यालय,मोरङ | ५० | ७५ |
| तथ्याङ्क समन्वय कार्यालय,धनुषा | २२ | ५१ |
| तथ्याङ्क समन्वय कार्यालय,पर्सा | ५२ | ७१ |
| तथ्याङ्क समन्वय कार्यालय,काभ्रे | ६० | ७२ |
| तथ्याङ्क समन्वय कार्यालय,मकवानपुर | २८ | ७० |
| तथ्याङ्क समन्वय कार्यालय,काठमाडौं | ६७ | ७७ |
| तथ्याङ्क समन्वय कार्यालय,गोरखा | ७१ | ६८ |
| तथ्याङ्क समन्वय कार्यालय,कास्की | ६२ | ७८ |
| तथ्याङ्क समन्वय कार्यालय,बागलुङ | ३८ | ५७ |
| तथ्याङ्क समन्वय कार्यालय,रूपन्देही | ७१ | ७३ |
| तथ्याङ्क समन्वय कार्यालय,पाल्पा | ५१ | ५९ |
| तथ्याङ्क समन्वय कार्यालय,दाङ | ६३ | ७७ |
| तथ्याङ्क समन्वय कार्यालय,जुम्ला | ६९ | ७१ |
| तथ्याङ्क समन्वय कार्यालय,सुर्खेत | ६७ | ६७ |
| तथ्याङ्क समन्वय कार्यालय,डोटी | ५७ | ८३ |
| तथ्याङ्क समन्वय कार्यालय,कैलाली | ७२ | ८५ |

४. बेरुजु र बेरुजु फछ्यौंटको अवस्था

| क.स. | विवरण | बेरूजु रकम रू. | सम्परिक्षणका लागि पेश भएको |
|---|---|---|---|
| १ | आ.व. २०७८/७९ सम्मको बेरुजु | ४,३५,४८,०००।- | ३,७१,८२,०००।- |
| २ | आ.व. २०७९/८० देखि गत आ.व. सम्मको बेरुजु | ० | |

५. प्रमुख समस्या/चुनौति, समाधानका उपाय र सुझाव

| क्र.सं. | समस्या | समाधानका उपाय | सुझाव |
|---|---|---|---|
| १ | राष्ट्रिय आर्थिक गणना, दोस्रोको लागि न्यून बजेट विनियोजन हुनु। | • अर्थ मन्त्रालयमा आवश्यक पहल गरिएको। | • मध्यमकालीन खर्च संरचनामा पेस भएबमोजिम गणना तथा सर्वेक्षणका लागि पूर्वानुमान गरिएको बजेट कार्यक्रम सञ्चालन हुने आर्थिक वर्षहरूमा उपलब्ध हुनुपर्ने।<br>• राष्ट्रियस्तरका गणना तथा सर्वेक्षणहरूका लागि आवश्यक पर्ने बजेट क्रमशः आन्तरिक स्रोतबाट व्यहोर्न सकिने गरी दायरा, विधि र अन्य व्यवस्थापकीय कार्य गर्नुपर्ने। |
| २ | तथ्याङ्क समन्वय कार्यालयहरूको संगठन संरचना र कार्यक्षेत्रबिच तालमेल नमिलेको। | • १८ वटै तथ्याङ्क समन्वय कार्यालयहरूको कार्यक्षेत्र र कार्यालयको अवस्थिति र कायम रहेको दरबन्दी संरचनामा पुनर्विचार गर्नुपर्ने। | • सुपरिवेक्षक र गणकको अनुपात कार्यमूलक हुने गरी पदसोपान अनुसार हुने गरी मिलाउने। |
| ३ | तथ्याङ्क सङ्कलनको स्थलगत कार्यमा खटिने कर्मचारीलाई तोकिएको सेवा सुविधा कम भएको। | • तथ्याङ्क समन्वय कार्यालय अवस्थित जिल्ला सदरमुकाम र काठमाडौं उपत्यकामा स्थलगत कार्यमा खटिने कर्मचारीका लागि दैनिक निश्चित रकमको व्यवस्था गर्नुपर्ने। | • भ्रमण खर्च नियमावली, २०६४ पुनरावलोकन गरी तथ्याङ्क सङ्कलन कार्यमा खटिने कर्मचारीलाई विशेष व्यवस्था गरिनुपर्ने। |

| क्र.सं. | समस्या | समाधानका उपाय | सुझाव |
|---|---|---|---|
| ४ | तथ्याङ्क समन्वय कार्यालयको पूर्वाधार अवस्था कमजोर रहेको। | •बजेट सिमाभित्र रही क्रमशः चारपाङ्ग्रे सवारी साधनको व्यवस्था गरिएको। | • स्थलगत तथ्याङ्कीय कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि १८ वटै तथ्याङ्क समन्वय कार्यालयमा चारपाङ्ग्रे सवारी साधनको व्यवस्था हुनुपर्ने।<br>• हाल पाँच वटा तथ्याङ्क समन्वय कार्यालयको मात्र आफ्नै कार्यालय भवन रहेको छ। तथ्याङ्कीय कार्य सञ्चालनको महत्व र कार्यबोझलाई मनन गरी बाँकी कार्यालयहरूको आफ्नै भवन निर्माणका लागि बजेट उपलब्ध हुनुपर्ने। |
| ५ | स्थानीय तहमा तथ्याङ्कीय क्रियाकलाप संचालन गर्न कठिनाइ रहेको। | • तथ्याङ्क समन्वय कार्यालयकै कर्मचारीबाट व्यवस्था मिलाइएको।<br>• अस्थायी विकल्पमा आवश्यक जनशक्ति करारमा लिइएको। | • सबै स्थानीय तहमा तथ्याङ्कीय एकाइ स्थापना गर्नुपर्ने। |
| ६ | प्रयोगकर्ताको माग बमोजिमको केही विषयक्षेत्रको तथ्याङ्क अभाव रहेको र कतिपय विषयक्षेत्रको खण्डीकृत तथ्याङ्क उपलब्ध नरहेको। | • तथ्याङ्क अभाव रहेको विषयक्षेत्र पहिचान गरी गणना, सर्वेक्षण, प्रशासनिक अभिलेख र अन्य नवीनतम विधिको प्रयोग गरी तथ्याङ्क आपूर्ति गर्ने। | • व्यवस्थापन सूचना प्रणालीलाई अन्तरआवद्धता गरी Data Sharing गर्नुपर्ने। |
| ७ | उत्तरदाता (व्यक्ति, परिवार र प्रतिष्ठान) मा तथ्याङ्कीय सचेतनाको कमी रहेको। | •साक्षरताका कार्यक्रम मार्फत तथ्याङ्कीय पैरवीमा जोड दिइएको। | • राष्ट्रियस्तरको तथ्याङ्कीय सचेतना तथा साक्षरता अभियान सञ्चालन गर्नुपर्ने। सरकारी नीति, योजना तथा बजेट प्रक्रियामा तथ्याङ्कको प्रयोग अनिवार्य गर्नुपर्ने। |